स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गत शुक्रबारदेखि प्रदर्शनमा आएको चलचित्र "परालको आगो"ले प्रदर्शनको पहिलो साता नै बक्स अफिसमा उत्साहजनक व्यापार गरेको छ। चलचित्रले पहिलो दुई दिनमै एक करोड रुपैयाँभन्दा बढी कमाइ गरेको थियो भने ६ दिनको अवधिमा दुई करोड रुपैयाँको आँकडा पार गर्न सफल भएको छ। चलचित्र विकास बोर्डको आधिकारिक तथ्यांक सार्वजनिक गर्दै चलचित्रको व्यापारबारे जानकारी दिनुभएको हो।

**आजको विचार...**



निजामती... *(दुई पेजमा)*

शम्भु कोइराला



अभिनेता विपिन कार्की र अभिनेत्री केकी अधिकारीको मुख्य भूमिका रहेको चलचित्र "काजी"को पहिलो गीत "वारी बर पारी पिपलु" सार्वजनिक गरिएको छ। राजधानीमा बिहीबार आयोजित एक कार्यक्रममार्फत उक्त गीत युट्युबमार्फत सार्वजनक गरिएको हो। गाउँको परिवेशमा छायांकन गरिएको गीतमा विपिन कार्की र केकी अधिकारी मौलिक गाउँले पहिरनमा प्रस्तुत हुनुभएको छ।

❐ वर्ष ३१ ❐ अंक २७४ ❐ २०८३ बैशाख २० गते आइतबार 3 May 2026, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

**संक्षिप्त समाचार**

## इजरायली आक्रमणमा १३ को मृत्यु

(रासस/एएफपी)

**बेरुत (लेबनान),** वैशाख १९/दक्षिणी लेवनानमा भएको इजरायली आक्रमणमा १३ जनाको मृत्यु भएको लेबनानको स्वास्थ्य मन्त्रालयले बताएको छ । जहाँमा इजरायली सेनाले युद्धविरामको बावजुद निकासी आदेश जारी गरेको थियो । लेवनानको हबबुसमा भएको आक्रमणमा एक जना बच्चा र दुई महिलासहित आठ जनाको मृत्यु हुनुका साथै अन्य २१ जना घाइते भएको मन्त्रालयले जनाएको छ । यसै गरि जररियामा भएको अर्को आक्रमणहरूमा दुई जना महिलासहित चार जनाको मृत्यु भएको र थप चार जना घाइते भएको बताइएको छ । मन्त्रालयले तटीय सहर टायर नजिकै भएको आक्रमणमा एक जनाको मृत्यु भएको र अन्य सात जना घाइते भएकोसमेत जनाएको छ । हबोसमा पनि इजरायलले यस अघिनै निकासी चेतावनी जारी गरिएको थियो । लेवनानी राष्ट्रिय समाचार एजेन्सी (एनएनए) ले इजरायली लडाकु विमानहरूले चेतावनी दिएको एक घण्टा भन्दा पनि कम समयमा आक्रमण सुरु गरेको रिपोर्ट गरेको छ । इजरायली सेनाले इरान समर्थित समूहको युद्धविराम सम्झौताको उल्लैन पछि हेजबुल्लाह विरुद्ध बल प्रयोग गर्ने जनाउदै स्थानीय बासिन्दाहरूलाई सहरबाट कम्तिमा एक किलोमिटर टाढा खुला क्षेत्रमा भाग्न आग्रह गरेको थियो ।

# राष्ट्रपतिद्वारा ६ अध्यादेश जारी, २ अध्ययनमै

## सवैधानिक परिषद्सम्बन्धी अध्यादेश पेचिलो बन्दै

**हाम्रा संवाददाता**

**पाल्पा,** वैशाख १९/सरकारको सिफारिसका आधारमा राष्ट्रपति रामचन्द्र पौडेलले पछिल्ला तीन दिनमा ६ वटा अध्यादेश जारी गरेका छन् । सरकारले सिफारिस गरेका ८ वटा मध्ये बाँकी दुई वटा भने अध्ययनकै क्रममा छन् । राष्ट्रपति कार्यालयका अनुसार संवैधानिक परिषद्सम्बन्धी अध्यादेश र केही नेपाल ऐन संशोधनसम्बन्धी अर्को अध्यादेश अध्ययनमै रहेका हुन् ।

राष्ट्रपति पौडेलले शनिबार तीन वटा अध्यादेश जारी गरेका छन् । सरकारले गत मंगलबार सिफारिस गरेको स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश ०८३, सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धी विशेष व्यवस्था अध्यादेश ०८३ र विश्वविद्यालयसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश ०८३ पौडेलले जारी गरेका हुन् । सरकारले सिफारिस गरेका कुल आठमध्ये राष्ट्रपति कार्यालयबाट १७ वैशाख (बिहीबार) सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, २०८३, सहकारी (पहिलो संशोधन) अध्यादेश,



२०८३ जारी भएको थियो । त्यस्तै, १८ वैशाख (शुक्रबार) सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण (तेस्रो संशोधन) अध्यादेश २०८३ जारी भएको थियो ।

केही नेपाल ऐन अन्तर्गत २० वटा ऐन संशोधनको सिफारिस गरिएको छ । आह्वान भइसकेको संसद् अधिवेशन स्थगित गरेर सरकारले ति अध्यादेश सिफारिस गरेको विषय अहिले चर्चा र विवादमा छ । सत्तापक्ष राष्ट्रिय स्वतन्त्र पार्टीले यसलाई सुधारको अनिवार्य कदम भनिरहेको बेला प्रतिपक्षी कांग्रेस, एमाले र नेकपाले संसदीय व्यवस्थामाथिको प्रत्यक्ष हस्तक्षेप भनेर विरोध गरिरहेका छन् । तर, यो विवाद नयाँ होइन- सरकारमा हुँदा अध्यादेशको बचाउ र विपक्षमा पुग्दा विरोध गर्ने प्रवृत्ति नेपालको संसदीय इतिहासमा जरा गाडेर बसेको छ ।

**संवैधानिक परिषद्सम्बन्धी अध्यादेश पेचिलो बन्दै**

सरकारले ल्याउन खोजेका अध्यादेशमध्ये संवैधानिक परिषद्सम्बन्धी अध्यादेश सबैभन्दा पेचिलो बनेको छ । नेपालको संविधानको धारा २८४ अनुसार प्रधानमन्त्रीको अध्यक्षतामा गठन हुने संवैधानिक परिषद्ले संवैधानिक निकायका प्रमुख तथा पदाधिकारीको नियुक्तिका लागि सिफारिस गर्छ । अहिलेको ऐनअनुसार कुनै निर्णयका लागि ६ सदस्यको बहुमत अर्थात् ४ जनाको समर्थन आवश्यक हुन्छ । सरकारले त्यो प्रावधान परिवर्तन गरेर कम सदस्यबाटै निर्णय गर्न मिल्ने व्यवस्था ल्याउन खोजेपछि विवाद हुँदा त्यो अहिले पेचिलो बन्दै गएको हो । यस्तै प्रावधान भएको विधेयक यसअघि राष्ट्रपतिले 'बहुमतको सिद्धान्त कमजोर हुने' भन्दै फिर्ता पठाएका थिए ।गत मंसिरमा सुशीला कार्की नेतृत्वको सरकारले पनि त्यही व्यवस्था अध्यादेशमार्फत ल्याउन खोज्दा राष्ट्रपतिले रोकेका थिए । संसदीय व्यवस्थाको मूल सिद्धान्त भनेको- संसद्ले कानुन बनाउने, सरकारले कार्यान्वयन गर्ने र न्यायपालिकाले परीक्षण गर्ने हो । तर, व्यवहारमा सबै परिस्थिति पहिल्यै अनुमान गर्न सकिँदैन । कतिपय अवस्थामा तत्काल कानुनी हस्तक्षेप जरुरी हुन्छ । त्यस्तो अवस्थाका लागि अध्यादेशको व्यवस्था गरिएको हो । नेपालको संविधानको धारा ११४ अनुसार, संघीय संसद्का दुवै सदनको अधिवेशन नचलेको अवस्थामा तत्काल केही गर्न आवश्यक परे मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्छन् ।यस्तो अध्यादेश ऐनसरह मान्य हुन्छ । तर, यसको आयु सीमित हुन्छ । संसद् बसेपछि पहिलो बैठकमा पेस गर्नुपर्छ । दुवै सदनले अस्वीकार गरे वा राष्ट्रपतिले खारेज गरे स्वतः निष्क्रिय हुन्छ ।

## स्वतन्त्र प्रेस, सबल लोकतन्त्र

-अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको आधार हो,
-स्वतन्त्र, निष्पक्ष र जिम्मेवार पत्रकारिताको सम्मान गरौं,
-सञ्चारमाध्यमलाई दबाब, धम्की र हस्तक्षेपबाट मुक्त राखौं,
-सत्य, तथ्य र प्रमाणमा आधारित समाचारलाई प्राथमिकता दिऔं,
-गलत, भ्रामक, कुण्ठित भावना र अफवाहबाट टाढा रहौं,
-पत्रकारहरूको सुरक्षा र पेशागत स्वतन्त्रता सुनिश्चित गरौं,
-सूचना प्राप्त गर्ने जनताको अधिकारको सम्मान गरौं,
-प्रेसमाथि हुने आक्रमण र दमनको विरोध गरौं,
-सञ्चार क्षेत्रलाई पारदर्शी र जवाफदेही बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# आज विश्व प्रेस स्वतन्त्रता दिवस मनाइँदै

**पाल्पा,** वैशाख १९/प्रेस स्वतन्त्रताको संरक्षण र संवर्द्धनमा जोड दिँदै नेपालका पत्रकारहरूले पनि आज विश्व प्रेस स्वतन्त्रता दिवस मनाउँदैछन् । सन् १९९३ को संयुक्त राष्ट्रसंघको साधारण सभाले अनुमोदन गरेपछि यो दिन संसारभरि प्रेस स्वतन्त्रता दिवस मनाउन थालिएको हो ।

हरेक वर्षको मे ३ तारिखमा विश्वभरि सञ्चारका माध्यमहरूको स्वतन्त्रताका मुद्दा, मापदण्ड र महत्त्वको विषयमा पैरवी अनि बहस गरिँदै समाचार सङ्कलनका क्रममा जोखिममा परेका र ज्यान गुमाएका पत्रकारहरूको योगदानको सम्झना र सम्मान गर्दै मनाइन्छ । युनेस्कोको आयोजनामा अफ्रिकी राष्ट्र नामिबियाको विन्डहक शहरमा भएको पत्रकारहरूको सम्मेलनले 'बहुलवादी र स्वतन्त्र प्रेसको लागि विण्डहक घोषणापत्र' जारी गरेको थियो । त्यसैको सम्झनामा सन् १९९३ देखि संयुक्त राष्ट्रसंघले यो दिवस मनाउने




निर्णय गरेको हो । राष्ट्रसंघको यो निर्णयसँगै आजको दिनलाई प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधरले महत्वपूर्ण दिनका रूपमा लिन्छन् । आज संसारभर प्रेस स्वतन्त्रताको महत्वका बारेमा चर्चा गरिँदै छ । वरिष्ठ पत्रकार, पत्रकारिताका प्राध्यापक र स्वतन्त्रताका पक्षपातीको सहभागितामा तयार पारिएको 'बहुलवादी र स्वतन्त्र प्रेसको लागि विण्डहक घोषणापत्र' मा प्रेस तथा अभिव्यक्ति स्वन्त्रताको पक्षमा बलियो प्रतिबद्धता जनाइएको थियो भने स्वतन्त्र र बहुलवादी प्रेसका पक्षमा सो सम्मेलनले आफूलाई प्रष्ट रूपमा उभ्याएको थियो । अभिव्यक्ति स्वतन्त्रतालाई बढीभन्दा बढी प्रचलनमा ल्याउन र नागरिकलाई अभिव्यक्त गर्न प्रोत्साहित गर्न सञ्चार क्षेत्रले नै भूमिका निर्वाह गर्नसक्छ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता राज्यको मेरुदण्ड हो । कुनै पनि मुलुक प्रजातान्त्रिक हो कि होइन भनेर हेर्ने कसी प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई लिन सकिन्छ । सरकारका क्रियाकलाप पारदर्शी बनाउन मद्दत गर्ने र जनताका समस्या तथा उनीहरूको सुझाव सरकारसमक्ष पुऱ्याउने सशक्त एवम् प्रभावकारी माध्यम मिडिया नै हो । यसको अभावमा सुशासन कायम हुन सक्दैन । शरीर सञ्चालनार्थ रक्तसञ्चालन प्रणालीको जरुरत भएजस्तै असल राज्य सञ्चालनका लागि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता अपरिहार्य हुन्छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## प्रेस स्वतन्त्रता खुम्चिने डर

नेपालमा प्रेस स्वतन्त्रताको अवस्था एक अर्थमा चुनौतीपूर्ण बन्दै गएको छ । सार्वजनिक सरोकारका विषयमा प्रश्न उठ्दा सञ्चार–माध्यमप्रति सरकारको सहनशीलता घट्दै गएको छ । मुलुक सबल हुनलाई स्वतन्त्र प्रेस अपरिहार्य हुन्छ । तर सरकारबाटै प्रेस स्वतन्त्रतालाई कुण्ठीत हुने गरी अंकुस लगाइनु गलत हो । मानव अधिकारको स्रोत मानिएको प्रेस स्वतन्त्रता बिना देश प्रजातान्त्रिक हुन सक्दैन । नागरिक सुसूचित हुने अधिकार नै प्रेस स्वतन्त्रता हो । प्रेसले स्वतन्त्रपूर्वक निर्वाह गर्ने आफ्नो भूमिका नै प्रेस स्वतन्त्रता हो ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता राज्यको मेरुदण्ड पनि हो । कुनै पनि मुलुक प्रजातान्त्रिक हो कि होइन भनेर हेर्ने कसी प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई लिन सकिन्छ । सरकारका क्रियाकलाप पारदर्शी बनाउन मद्दत गर्ने र जनताका समस्या तथा उनीहरूको सुझाव सरकारसमक्ष पुऱ्याउने सशक्त एवम् प्रभावकारी माध्यम मिडिया नै हो । यसको अभावमा सुशासन कायम हुन सक्दैन । शरीर सञ्चालनार्थ रक्तसञ्चालन प्रणालीको जरुरत भएजस्तै असल राज्य सञ्चालनका लागि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता अपरिहार्य हुन्छ । प्रेस स्वतन्त्रताबाट नै एक–अर्काका विचार, अभिव्यक्तिहरू सम्प्रेषित हुन्छन् । त्यसैले पनि प्रेस स्वतन्त्रता भन्नु विचार र अभिव्यक्तिको स्वतन्त्रता हो । यो स्वतन्त्रता सबै स्वतन्त्रताभन्दा प्रमुख भएकाले विश्वका प्रायजसो मुलुकमा यसलाई खुकुलो पारिएको छ । नेपालमा सविधानमै प्रेस स्वतन्त्रताका पदावलीहरु लिपिबद्ध भए पनि पत्रकारहरुले भने त्यसको पूर्ण अनुभूति गर्न सकेका छैनन् । समाचार लेखेकै कारण पत्रकारहरुको हत्या, धम्की, आक्रमण तथा अपहरणको शिकार भएका छन् । यसले प्रेस स्वतन्त्रता माथि प्रश्न चिन्ह खडा गरेको छ ।

प्रत्येक वर्ष मे ३ तारिखका दिन विश्वभर 'विश्व प्रेस स्वतन्त्रता' दिवस मनाइन्छ । सोही अनुसार आज नेपालसहित विश्वभर यो दिवस मनाइँदै छ । यस दिन पत्रकारिता र सञ्चारकर्मका क्रममा ज्यान गुमाएकाहरुको स्मरण र सम्मान गर्ने गरिन्छ । तर हरेक वर्ष यो दिवस माउने गरिए पनि नेपालको प्रेस स्वतन्त्रताको अवस्था भने खस्कँदै गएको छ । यो अत्यन्त दुखको कुरा हो । विगतको तुलनामा पत्रकार तथा सञ्चारगृह माथि हुने हिंसाका घटना बराबरी भए पनि कानुनी रूपमा प्रेसमाथि नियन्त्रण गर्ने सरकारको आकांक्षा बढ्दो छ । प्रेसले स्वतन्त्र रूपमा काम गर्न नपाएको अवस्थामा समग्र राजनीतिक प्रक्रिया कमजोर बन्न पुग्छ । अहिले प्रेसलाई निरुत्साहित गर्दा सरकार र राजनीतिक क्षेत्रले आफू सफल भएको महसुस गरिरहेको छ । सरकारबाटै प्रेस स्वतन्त्रतालाई कुण्ठीत हुने गरी अंकुस लगाइनु गलत हो । मानव अधिकारको स्रोत मानिएको प्रेस स्वतन्त्रता बिना देश प्रजातान्त्रिक हुन सक्दैन ।

### Opinion @ Social Network

मानिसले तबसम्म सहन गर्छ जबसम्म उसमा सहन गर्ने क्षमता हुन्छ
त्यसपछि उसले न त सम्बन्धलाई नै जरुरी ठान्छ, न त आफ्नाहरूलाई नै !!
*(सन्दिप थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Sandip.Thapa)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# निजामती सेवा विधेयकमा मागिएको सल्लाह



**शम्भु कोइराला**

**नमागिएको सल्लाह :** संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सल्लाह सुझावका लागि सार्वजनिक गरिएको छ । कानुन निर्माण प्रक्रियामा अवलम्बन गर्नुपर्ने प्रक्रियाअन्तर्गत यो विधेयक सार्वजनिक भएको हो । सुझाव संकलन गर्ने उद्देश्यले सार्वजनिक गरिएको र त्यस प्रयोजनका लागि पनि उपयोगी बनोस् भन्ने हेतुले यो आलेख तयार गरिएकाले यसलाई मागिएको सल्लाहभन्दा पनि हुन्छ । यो भन्दा अगाडि संसद्मा पेश गरिएको विधेयक कुलिङ पिरियड राख्नैपर्ने स्वार्थका कमाण्डर तत्कालीन मुख्यसचिव र संसद्का प्रमुख सचिवको एम्बुसमा परेको थियो । जसमा परेर प्रतिनिधिसभा नै घाइते भएको थियो भने सम्बन्धित समितिका सभापति गम्भीर घाइते भएका थिए । नेपालमा कानुन निर्माण गर्दा स्वार्थ समूहको चलखेल कति अनैतिक र खतरनाक हुँदोरहेछ भनेर बुझ्न यो घटना पर्याप्त छ । आशा गरौं, यो विधेयक कुनै एम्बुसमा पर्नेछैन । अध्यादेश जारी गर्नुपर्ने कुतर्कमा फस्ने छैन । कुनै पनि कानुनको प्रस्तावना त्यसको आत्मा भएकाले अहिले सार्वजनिक गरिएको विधेयकको प्रस्तावना यस्तो रहेको छ । 'संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तसम्बन्धी व्यवस्था गरी सो सेवालाई राष्ट्रहित र संघीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध, राजनीतिक रूपमा तटस्थ, पेशागत रूपमा सक्षम, सुदृढ सेवामूलक, जनउत्तरदायी, समावेशी, पारदर्शी, परिणाममुखी, प्रविधिमैत्री र व्यावसायिक बनाउँदै सुशासनयुक्त संयन्त्रको रूपमा विकासका लागि आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले संघीय संसद्ले यो ऐन बनाएको छ ।' प्रस्तावनामा लेखिएका आदर्श वाक्यको कसीमा यो विधेयकबारे चर्चा गर्दा प्रस्तावनाको अन्तरवस्तुमा आघात परेको छ कि छैन भनेर पनि विश्लेषण गरिनुपर्ने हुन्छ । प्रस्तावनामा उल्लेख गरिएको संघीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध भन्ने कसीमा यसलाई परीक्षण गर्ने कोसिस गरौं । लोकतन्त्र विश्वमा प्रचलित कम खराबी भएको जनउत्तरदायी राजनीतिक प्रणाली हो जसमा जनता सार्वभौम हुन्छन् । जनताको कल्याण र हित यसको सर्वोपरी लक्ष हो । यो उद्देश्य हासिल गर्न कर्मचारी प्रशासन मुख्य उपकरण हो । यो उपकरण चुस्त भएमात्र लोकतन्त्रले जनतालाई सेवा सुविधा प्रदान गर्न सक्दछ । चुस्त प्रणाली बनाउन चुस्त र सक्षम कर्मचारीको आवश्यकता हुन्छ । सक्षम र चुस्त कर्मचारी स्वतन्त्र निकायको उपयुक्त परीक्षणबाट आएका छन् कि कस्तो बाटोबाट आएका छन् त्यसमा भर पर्छ । कर्मचारी छनौटका लागि अहिलेसम्मको उत्तम विश्वप्रणाली, योग्यता प्रणाली हो । नेपालको कुरा गर्दा पञ्चायती एकदलीय शासन व्यवस्थामा पनि लोकसेवा आयोग अपवादका घटनाबाहेक स्वतन्त्र र निष्पक्ष थियो । लोकतन्त्र र यसलाई विकृत बनाएर जन्माइएको दलतन्त्रबाट पनि यसलाई जोगाइयो । त्यसैले नेपालको निजामती सेवालाई सही ढंगले परिचालन गर्न सकियो भने परिणाम दिन सक्षम छ । अहिले सार्वजनिक गरिएको विधेयकमा केही विषय योग्यता प्रणाली र लोकतान्त्रिक शासन व्यवस्थाको मर्मविपरीत छन् र प्रथम दृष्टिमै अस्वीकार्य छन् । एक, अहिलेको विधेयकमा विशिष्ट श्रेणीमा सरकारले छड्के नियुक्ति गर्ने व्यवस्थाले निजामती सेवालाई कमजोर र उत्प्रेरणाहीन बनाउनेछ । मन्त्रीका निजी सचिवले मन्त्रालयका सचिवलाई आदेश निर्देश गर्ने गलत परिपाटी विकसित भएको हाम्रो प्रशासनमा छड्के जस्केलाबाट लुँडो खेलमा लामो भऱ्याङ चढेर गोटीमाथि पुगेजसरी फुत्त आउने कार्यकारीले लोकसेवाबाट आएका पदाधिकारीहरूको मनोबलमा लुँडो खेलको सर्पले गोटीलाई अधोगामी बनाए जस्तै काम गर्नेछ । यसले प्रणालीमाथि धावा बोल्ने निश्चित जस्तै छ । यसका लागि फ्रान्सलगायतका देशको उदाहरण दिएर तर्कका लागि तर्क गर्न त सकिन्छ तर हाम्रोजस्तो राजनीतिक, आर्थिक, सामाजिक परिवेशमा त्यो प्रत्युत्पादक हुनेछ । दुई, कर्मचारी राजनीतिमा संलग्न भएको पाइएमा भविष्यका लागि अयोग्य ठहरिने गरी अवकाश दिने विषय सुहाउँदो छैन । यसो भनिरहँदा कर्मचारीले राजनीति गर्न पाउनुपर्छ भनेको होइन । केलाई राजनीति भन्ने ? सामाजिक सञ्जालको अहिलेको व्यपकतामा कुनै स्टाटस लेखेकै आधारमा कसैलाई आरोपित गर्नसक्ने पर्याप्त स्थान रहन्छ । उसको पारिवारिक, अध्ययन, अध्यापनको पृष्ठभूमि, व्यक्तिको रुचि र सिकाइका कारण कुनै कर्मचारी राजनीतिक रूपमा कुनै विचारप्रति आस्थावान हुनसक्छ । प्रश्न उसको आस्था खोतल्दै हिँड्ने होइन, त्यस कारणले ऊबाट प्राप्त गर्नुपर्ने उत्पादकत्वमा नकारात्मक प्रभाव पऱ्यो कि परेन भन्ने हो । एकदलीय पञ्चायती व्यवस्थामा दलीय आस्था राख्न निषेधित थियो तर लोकसेवा पास गरेर आउँनेहरू कम संख्यामा मात्र पञ्चायती व्यवस्थाप्रति प्रतिबध्द छन् भन्ने विषय तत्कालीन शासकहरूले बुझेका थिए । कर्मचारीले समस्या सिर्जना नगरेसम्म पछि लाग्ने परिपाटी थिएन । सेवा प्रवेश गर्दाको प्रहरी प्रतिवेदनमा व्यवस्थाविरोधी लेखेर आएको अवस्थामा भने अप्ठ्यारो थियो । अन्यथा, राजनीतिक आस्था हुन्छ भन्ने विषयलाई अघोषित रूपमा स्वीकार गरिएको थियो । तीन, सचिवको अवधि घटाएर दुई वर्ष गर्ने र सरकारको तजबिजमा एक वर्ष थप्ने विषय पनि योग्यता प्रणालीको खिलाफमा छ । पहिलो विषय त दुई वर्ष सचिवको अवधि भनेको उसलाई काम गर्न ल्याइएको होइन भन्ने हो । उसले सचिव भएको दिनबाट निवृत्त हुने योजना बनाउनुपर्ने अवस्था रहन्छ । एक वर्ष थप हुने ललिपप देखाएर राजनीतिक नेतृत्वप्रति आस्थावान् बनाउन खोजेको देखिन्छ भने उसलाई सुरुदेखि नै भयातुर बनाउने मनोविज्ञान देखिन्छ । चार, यो विधेयक कर्मचारीले राजनीतिक नेतृत्वलाई टेर्दैनन् भन्ने हीनताबोधको मनस्थितिबाट बनेको छ । कर्मचारीहरूले सल्लाह दिने होइन, लोकसेवा पास गरे भन्दैमा पढाउने होइन भन्ने कार्यकारी प्रमुखको अभिव्यक्तिको प्रभाव यस विधेयकमा परेको छ भन्न सकिन्छ । यथार्थमा, कर्मचारी राजनीतिक नेतृत्वको विश्वासिलो सल्लाहकार पनि हो । पाँच, उत्तीर्णांक नल्याएको अवस्थामा बढी अंक ल्याएकोलाई सिफारिश गर्ने विषय योग्यता प्रणालीको विपरीत भएकाले यस्ता विषयले कानुनमा प्रवेश पाएमा थप विकृति उत्पन्न हुनसक्ने भएकाले विचार गरिनुपर्छ । छ, कर्मचारीले आफ्नो गुनासो व्यक्तिगत रूपमा प्रस्तुत गर्नुपर्ने, कुनै संगठन, संस्था नरहने विषयले ट्रेड युनियनलाई निषेध गरिएको छ । यसका दुई पाटा छन् । नेपालमा कर्मचारी संघसंगठनको इतिहास राम्रो छैन । जनसाधारणमा यसप्रति राम्रो धारणा छैन । नेपालको कर्मचारी प्रशासनमा यसले कर्मचारी हकहितका लागि उल्लेखनीय काम गरेको उदाहरण छैन । संघसंगठनबवालाहरू निजी स्वार्थमा लागेको, आफ्ना र आफू अनुकूलका कर्मचारीको सरुवा बढुवामा हिँड्ने गरेको, यसो गर्दा गलत अभ्यासहरू पनि भएको भनेर आलोचित भएको छ । कर्मचारी युनियन र संघसंगठनप्रति न आमकर्मचारीको आस्था छ न त जनतामा राम्रो छवि छ । विगतको जस्तै ट्रेड युनियन राख्नुको कुनै औचित्य छैन । यसलाई कसैलाई नटेर्ने मैमत्ता साँढे हो भनेर पनि आलोचना भएको छ । यति हुँदाहुँदै नेपाल अन्तर्राष्ट्रिय श्रमसंगठनको पक्ष राष्ट्र भएका कारण केही दायित्वहरू रहन्छन् । दलगत आस्थाका आधारमा हरेक दलका भ्रातृसंगठन जस्ता एकाइलाई पूर्णनिषेध गरेर एउटा आधिकारिक ट्रेड युनियन दिनेसम्म सोचाइ गर्ने हो कि ?

**विधेयकका अन्य व्यवस्था :** अवकाशको उमेर ६० वर्ष कायम गरी लागू गर्ने विषय औसत आयु बढेको, सरकारले कम खर्चमा अनुभवी जनशक्ति पाउने भएकाले जायज नै छ । सेवा प्रवेशको उमेर पुरुषका लागि ३२ र महिलाका लागि ३५ गर्ने व्यवस्था गरिएको छ । यो व्यवस्था तत्कालबाट लागू गर्नुभन्दा तीन वर्षपछि लागू गर्नसके लोकसेवा तयारी गरिरहेका युवायुवतीप्रति न्याय हुने थियो भन्ने धारणा पाइएको छ । तीन वर्षको समय प्रतिस्पर्धीहरू मानसिक रूपमा तयार हुन् भन्नका लागि आवश्यक हुने तर्क गरिएको छ । कुलिङ अफ पिरियड उपयुक्त व्यवस्था आएको छ जसको बारेमा माथि पनि चर्चा गरिएको छ । निजामती कर्मचारीले लोकसेवा उत्तीर्ण गराउनेलगायतका कोचिङमा प्रशिक्षण दिने कार्यमा प्रतिबन्ध लगाइएको छ । जसको पक्षविपक्षमा तर्क गरिएका छन् । समष्टिमा निजामती सेवकको निष्पक्षता र गरिमा कायम राख्न यस व्यवस्थालाई सकारात्मक रूपमा हेर्न सकिन्छ । यस विधेयकमा श्रेणी र तहको व्यवस्था गरिएको छ । राप विशिष्ट श्रेणीमा अधिकृत चौधौं र तेह्रौं, राप प्रथममा अधिकृत बारौं र एघारौं, राप द्वितीयमा दशौं र नवौं, राप तृतीयमा अधिकृत आठौं, सातौं र छैटौं । यस व्यवस्थाले कम समयमा बढुवा हुने सम्भावना रहन्छ भने अर्को श्रेणीमा जान लामो समय लाग्ने भएकाले कर्मचारीहरूमा दिक्दारी पनि निम्त्याउन सक्ने सम्भावना छ । कार्य सम्पादन सम्झौता गर्ने, सरुवा वा पदस्थापनसँगै कार्य विवरण दिने, कार्य सम्पादन सम्झौताको त्रैमासिक, अर्ध वार्षिक र वार्षिक मूल्यांकन गर्ने व्यवस्था सकारात्मक छन् भने कार्य सम्पादन सम्झौता भएको कर्मचारीलाई पनि छोटो समयमै सरुवा गर्न सकिने घुमाउरो बाटोको जोहो गरेको विषय विरोधाभासपूर्ण छ । आरक्षण सम्बन्धमा राजपत्र अनंकित र राजपत्रांकितमा एक पटकमात्र पाउने व्यवस्थाको कारण अवसरको पहुँचमा तरमारालाई पाखा लगाउने आशय देखिन्छ । समावेशी कोटाबाट प्रवेश गरेकाहरूको योग्यता र क्षमता सम्बन्धमा उठेको प्रश्नलाई सम्बोधन गर्न खोजिएको छ । यस्ता कर्मचारीहरूको क्षमता विकासका लागि विशेष कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ । वर्गीकृत क्षेत्रमा बस्न अनिवार्य गरिएको छ । क, ख, ग, घ मा क्षेत्रगत वर्गीकरण गरी सरुवालाई अनुमानयोग्य र पारदर्शी बनाउन खोजिएको विषय सकारात्मक छ । मुख्यसचिव अध्यक्ष, लोकसेवा आयोगका सचिव, कानुनसचिव र विज्ञ दुईजना सदस्य रहेको निजामती बोर्डको नयाँ व्यवस्था थप गरिएको छ । राप द्वितीय श्रेणीसम्मका कर्मचारीको सरुवा, पदस्थापन र वृत्तिव्यवस्थापन कार्यलाई पारदर्शी बनाउन सो कार्यको निरीक्षण तथा नियमन गर्नु बोर्डको काम हुनेछ । यो बोर्डको कामकारबाहीलाई सल्लाह दिने भूमिकामा सीमित गर्न सके संस्थागत द्वन्द्वको अवस्थालाई कमजोर बनाउँन सकिने अवस्था रहने थियो । नेपालको सरकारी सेवामा संस्थागत सम्झनको पक्ष अत्यन्त कमजोर रहेको छ । झन् गएको भदौ २४ को विध्वंशले हाम्रा अभिलेखहरू नष्ट भएका छन् । यस विषयलाई कानुनी व्यवस्था गर्न जरुरी छ । परिच्छेद १२ मा प्रशासनिक अन्तरसम्बन्ध शीर्षकमा प्रदेश निजामती सेवा र स्थानीय सेवासम्बन्धी व्यवस्था गरिएको छ । प्रदेश सरकारको प्रमुख सचिवको पद संघीय निजामती सेवाको १३ तहको कर्मचारी हुने व्यवस्था गरिएको छ भने प्रदेश सचिवको पद प्रदेश निजामती सेवाको १२ तहको हुने व्यवस्था गरिएको छ । संघीय शासन व्यवस्था स्थापना भएपछि जारी हुनलागेको विधेयकले प्रदेशसेवा र स्थानीय सेवालाई सम्बोधन गर्ने कोसिस गरेको छ । यसैगरी प्रशासन सुधार समितिको व्यवस्था पनि विधेयकमा गरिएको छ । योग्यता प्रणालीलाई गुरुमन्त्र मानेर सञ्चालन गर्नुपर्ने निजामती सेवाप्रति मनोवैज्ञानिक त्रासको कारण कार्यकारिणी हावी हुन खोजेको जस्तो आभास विधेयकका कतिपय व्यवस्थाबाट झल्किन्छ । बुझ्नु के पर्छ भने राजनीति असल भयो भने निजामती सेवक कम्सल बन्ने सम्भावना रहँदैन । सधैं एकै प्रकृति, स्वभाव र क्षमताको राजनीतिक नेतृत्व नआउने भएकाले निजामती राष्ट्रसेवकमा केही अन्यौल र अस्पस्टता देख्न सकिन्छ । निश्चित के हो भने मुहान सफा भयो भने तल्लो तटीय क्षेत्रमा सफा पानी देखिने निश्चित छ । राजनीति र प्रशासनको आपसी विश्वास र समझदारीले मात्र अपेक्षित परिणाम दिनसक्छ भन्ने विषयलाई भने भुल्नु हुँदैन ।*-इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : अरूको भरोसा जित्ने मौका प्राप्त हुनेछ। लक्ष्यप्रति दृढता कायम रहला। | **तुला** : नयाँ अवसरको खोजी सफल हुन सक्छ। यात्राले नयाँ अनुभव दिनेछ। |
| **वृष** : घरपरिवारसँगको संवादले मन हलुका बनाउनेछ।परिस्थिति अनुकूल बनाउनेछ। | **वृश्चिक** : गहिरो सोचले जटिल समस्या सुल्झाउनेछ।योजना अघि बढाउने समय छ। |
| **मिथुन** : काममा देखिएको लचकताले समस्या टार्नेछ। मनमा नयाँ उत्साह जाग्नेछ। | **धनु** :नयाँ सोचले भविष्यप्रति आशा जगाउनेछ। कार्यक्षेत्रमा प्रगति देखिनेछ। |
| **कर्कट** : नयाँ जिम्मेवारी सुम्पन सक्छ। आफन्तसँगको सहयोगले काम सहज बन्नेछ। | **मकर** : आर्थिक अवस्था सुधारतर्फ उन्मुख हुनेछ। जिम्मेवारीले अनुभव बढाउनेछ। |
| **सिंह** : प्रशंसा प्राप्त हुने योग देखिन्छ। नयाँ अवसरलाई समात्न सकिनेछ। | **कुम्भ** : साथीभाइको सहयोग लाभदायक हुनेछ। काममा नविनता ल्याउन सकिनेछ। |
| **कन्या** : सानो प्रयासले पनि ठूलो प्रभाव पार्न सक्छ। सहकार्यमा विश्वास बढ्नेछ। | **मीन** : आध्यात्मिक झुकावले शान्ति दिनेछ। पेशागत क्षेत्रमा स्थिरता देखिनेछ। |

# विश्व हाँसो दिवस मनाइँदै




**पाल्पा,** वैशाख १९/आज विश्व हाँसो दिवस नेपालमा पनि विभिन्न कार्यक्रम मनाइँदै छ । भारतको मुम्बईका डाक्टर मदन कटारियाको पहलमा सन् १९९८ देखि मे महिनाको पहिलो आइतबार विश्व हाँसो दिवस मनाउन लागिएको हो ।

उनको पहलमा हाँसोमा आधारित योगामार्फत हाँसो दिवसका रुपमा मनाउन सुरु गरेका हुन् । हाँसोका माध्यमबाट विश्व शान्तिमा सकारात्मक योगदान र भ्रातृत्व तथा मित्रताको विश्वव्यापी चेतना फैलाउन यो दिवस मनाउन थालिएको भनाई छ । हाम्रा लागि हाँसो निकै महत्वपूर्ण हुन्छ । जब हामी सकारात्मक हुन्छौ तब हामीमा हासो फुट्छ । हाँसोले शारीरिक र मानसिक तनाव हटाउन मद्धत गर्नुका साथै प्रतिरोधी क्षमता बढाउन पनि सहयोग पुर्‍याउने योग विज्ञहरुको भनाइ नै छ । योगसँग सम्बन्धित सैं संस्थाले यो विभिन्न कार्यक्रम गरेर यो दिवस मनाउँदै छन् । हाँसोले सकारात्मक उर्जा दिने भएकाले योग प्रशिक्षकले हाँस्ने कक्षा नै सञ्चालन गर्ने गरेका छन् । हाँस्नाले मस्तिष्कमा सकारात्मक विचार उत्पन्न हुने र यसले शरीरमा उर्जाको सञ्चार गर्ने उनीहरुको भनाई छ । हाँसोलाई योगकै महत्वपूर्ण पाटो मानिन्छ । हिजोआज हाँसोको योगाकै लागि बनेर क्लब तथा संस्था खुल्न थालेका छन् । मानिसमा आपसी दया, सद्भाव र खुसी फैलाउन हाँसोले प्रोत्साहित गर्दछ । हाँसोले व्यक्तिको व्यक्तित्वलाई आकर्षकसँगै सामाजिक सम्बन्धलाई प्रगाढ बनाउन सहयोग गर्छ । यसले स्वास्थ्यलाई समेत महत्वपूर्ण फाइदा गर्छ । मानिस सामाजिक प्राणी भएकाले सधैं समाजमा बस्न रुचाउँछ । सही सम्बन्धको अभावमा थुप्रै खालका मानसिक विकारको अवस्थामा पुग्ने अवस्था हुन्छ । त्यस्तो अवस्थामा हाँस्दा वा खुसी हुँदा सामाजिक सम्बन्ध र सहयोगमा वृद्धि गर्छ । जब सामाजिक सहयोग बढ्छ त्यहाँ सम्बन्धहरू सुन्छिन् । तब व्यक्तिको तनाब कम हुन्छ, तनाब कम भएपछि सुखी बढ्छ र आनन्द बढ्छ । आनन्द बढ्नु भनेको नै मानसिक स्वास्थ्य स्वस्थ हुनु हो । हाँसोले आत्मविश्वास बढाउँछ । हाँसोले मानिसलाई शारीरिक तथा मानसिक रुपमा स्वस्थ बनाउँछ । हाँसोले शारीरिक र मानसिक तनाव हटाउन मद्धत गर्नुका साथै प्रतिरोधी क्षमतामा वृद्धि गर्न पनि सहयोग पुर्‍याउँछ । यसले तनावका हार्मोनलाई घटाई स्वस्थ रहने रसायन बढाउनुको साथै मुटुको रक्षा पनि गर्छ । हाँस्ने बानीले विना तनाव कुनै पनि प्रकारका अप्ठेरोसँग जुध्ने क्षमतामा वृद्धि गर्छ । जो मानिसमा हाँसोको भावना हुन्छ, ऊ नहाँस्ने मानिसभन्दा बढी समयसम्म बाच्ने गरेको विभिन्न अध्ययनहरुले समेत देखाएका छन् ।

# सांसद सन्दीप राना काठमाडौंमा सम्मानित

**काठमाडौं,** वैशाख १९/पाल्पा क्षेत्र नम्वर १ का सांसद सन्दीप रानालाई काठमाडौंमा सम्मान गरिएको छ । नेपाली कांग्रेस पाल्पा-काठमाडौं सम्पर्क समितिले उनलाई एक कार्यक्रमकाबिच सम्मान गरेको हो ।

सांसद रानालाई कार्यक्रमका प्रमुख अतिथि पार्टीका महामन्त्री प्रदीप पौडेलले सम्मान गरेका हुन् । उनलाई बधाई दिँदै महामन्त्री पौडेलले कांग्रेसका सांसदहरूको जिम्मेवारी अहिले अझ धेरै रहेको स्मरण गराए । उनले भने, "झण्डै दुई तिहाइको सरकार छ, त्यसले कतिपय गलत कामलाई पनि संख्याको बलमा जबरजस्ती गर्न सक्छ । त्यसको डटेर सामना गर्नु पर्दछ, जनतालाई बुझाउन सक्नु पर्दछ । त्यसका लागि म सन्दीपजीलाई सक्रिय, अनुकरणीय र देखिने भूमिकाका लागि शुभकामना व्यक्त गर्दछु ।" उनले सुकुम्बासी बस्तीमा डोजर लगाइएको विषय पर्याप्त समय र सूचना नदिई गरिएको भन्दै मानवीय र व्यवहारिक नभएको टिप्पणी गरे । महामन्त्री पौडेलले सुकुम्वासी बस्तीमा सुकुम्बासी नै थिएनन्, हुकुम्वासी मात्रै थिए भन्ने प्रचार गलत भएको दाबी गर्दै वास्तविक सुकुम्वासीहरूको पहिचान गरेर पुनर्स्थापनाको विकल्प तयार पारेपछि मात्रै हटाउनु पर्नेमा जोड दिए । उनले संवैधानिक परिषद्लाई सर्वपक्षीय र सन्तुलित बनाउनु पर्ने राज्यको आधारभूत मर्मभित्रको विषय भएकाले



एकपक्षीय हुनेगरी पुनर्संरचना गर्नु गलत भएको तर्क गरे । लोकतान्त्रिक मूल्य-मान्यता र राज्यका आधारभूत मर्मलाई खलबल्याउन नपाइनेतर्फ सरकारको उनले ध्यानाकर्षण गराए । कार्यक्रममा काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले झण्डै दुई तिहाइको सरकारलाई खबरदारी गर्न प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस अझ बलियो र चुस्त हुनुपर्ने आवश्यकता औंल्याउँदै अब पार्टीलाई एकताबद्ध बनाएर लैजान नेतृत्वले भूमिका खेल्ने विश्वास व्यक्त गरे । अदालत, निर्वाचन आयोगजस्ता निकायले काँग्रेसको विवाद निरुपण गरिसकेकाले अब पार्टीभित्र विवाद गर्नुको औचित्य नरहेको उनको भनाइ थियो । कार्यक्रममा सम्मानित सांसद रानाले आफू निर्वाचित हुनुमा लामो समयदेखि पार्टीमा योगदान गरेका अग्रजहरूको ठूलो भूमिका रहेको बताउँदै उनीहरूप्रति आभार व्यक्त गरे । उनले आृनो जित व्यक्तिगत नभई समग्र पाल्पालीको जित भएकाले पाल्पा र देशको विकास तथा राम्रो नीति निर्माणका पक्षमा आफ्नो क्षमताले भ्याएसम्म सक्रिय रहने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा पार्टीका तर्फबाट समानुपातिक उम्मेदवार भएका पाल्पाका नेताद्वय कृष्णप्रसाद अधिकारी र जमिला मियाँले पार्टीको समानुपातिकतर्फको मत कम भएकाले आफूहरू निर्वाचित हुन नपाए पनि प्रत्यक्ष निर्वाचित रानाको जितले आफूहरूलाई सन्तुष्टि र गौरव महसुस गराएको अनुभव सुनाए । सम्पर्क समितिकी अध्यक्ष विमला बस्यालको अध्यक्षतामा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# यूएईमाथि नेपालको रोमाञ्चक जीत



**काठमाडौं,** वैशाख १९/आईसीसी क्रिकेट विश्वकप लिग-२ अन्तर्गत त्रिदेशीय एकदिवसीय शृङ्खलामा नेपालले संयुक्त अरब इमिरेट्स (यूएई) डीएलएस नियमका आधारमा ६ रनले हराएको छ । वर्षाले प्रभावित खेलमा डीएलएस नियममा ३८ ओभरमा २५५ रनको लक्ष्य पाएको यूएईले ८ विकेट गुमाएर २४८ रनमात्र बनाउन सक्यो । यूएईका मुहम्मद शाहदादले ६५, खुजाइमा तनभीरले ४९ रन बनाए । नेपालका सन्दीप लामिछानेले ३ तथा सोमपाल कामी र नन्दन यादवले २/२ विकेट लिए । यसअघि कीर्तिपुरको त्रिवि क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको नेपालले ५० ओभरमा ६ विकेट गुमाएर २८९ रन बनाएको थियो । नेपालका दीपेन्द्रसिंह ऐरीले शतक बनाए । दीपेन्द्रले ९४ बलमा १०० रनमा रनआउट भए । यस्तै विनोद भण्डारीले ५६, गुल्सन झाले ४४, कप्तान रोहित पौडेलले ३९ रन बनाए । यूएईका जुनैद सिद्दिकी र अजय कुमारले २/२ विकेट लिए । लिग-२ शृङ्खलामा नेपालले यसअघिको खेलमा यूएईलाई ३७ रनले हराएको थियो भने ओमानसँग डीएलएस नियमका आधारमा १०२ रनले पराजित भएको थियो । यो जीतसँगै नेपालले ८ वटा देश सहभागी लिग-टुमा २३ खेलमा १६ अङ्क जोड्दै तालिकाको सातौं स्थानमा छ । यूएई २३ खेलमा १२ अङ्कसहित पुछारमा र ओमान २६ खेलमा ३१ अङ्कसहित तेस्रो स्थानमा छ ।

वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# बढ्यो बैंकहरूको नाफा




**पाल्पा,** वैशाख १९/वित्तीय विवरणले बैंकहरूको नाफामा वृद्धि भएको देखाएको छ । सञ्चालनमा रहेका २० वटा वाणिज्य बैंक र केही विकास बैंकको नाफा बढेको हो ।

चालु आर्थिक वर्ष २०८२/८३ को तेस्रो त्रैमासिकमा वाणिज्य बैंकहरुले कुल ४९ अर्ब २१ करोड रुपैयाँ खुद मुनाफा गरेका छन् । गत आवको चैत मसान्तसम्म ४१ अर्ब २५ करोड नाफा कमाएका बैंकहरूले चालु आवको सोही अवधिसम्ममा १९.३० प्रतिशतले नाफा बढाएका हुन् । रकमका आधारमा सबैभन्दा धेरै नाफा कमाउने बैंक नबिल बनेको छ । नबिलले ६ अर्ब ७६ करोड रुपैयाँ खुद नाफा कमाएको छ । गत आवको तेस्रो त्रैमासको तुलनामा नबिलको नाफा ३३.९२ प्रतिशतले बढेको हो । नबिलपछि धेरै नाफा कमाउनेमा ग्लोबल आइएमई बैंक छ । ग्लोबलले तेस्रो त्रैमाससम्ममा ४ अर्ब ४० करोड ९२ लाख रुपैयाँ नाफा कमाएको छ । ग्लोबलको नाफा गत आवको चैतसम्मको तुलनामा २.९३ प्रतिशतले घटेको छ । कुमारी बैंकले चालु आवको चैतसम्ममा ४ अर्ब १७ करोड रुपैयाँ नाफा कमाएको छ । गत आवको तेस्रो त्रैमासमा २८ करोड ५८ लाख रुपैयाँमात्रै कमाएको थियो । सो अवधिमा एनआईसी एशिया बैंकको नाफा सबैभन्दा कम देखिएको छ । यो बैंकले चैतसम्ममा १४ करोड ३ लाख रुपैयाँमात्र नाफा कमाएको छ, जुन गत आवको सोही अवधिको तुलनामा १०.४९ प्रतिशतले घटेको हो । हिमालयन बैंकले ७६ करोड २५ लाख, प्रभु बैंकले ८५ करोड १५ लाख, राष्ट्रिय वाणिज्य बैंकको २ अर्ब ७६ करोड, माछापुच्छ्रे बैंकले १ अर्ब ६५ करोड ८७ लाख, सानिमा बैंकको २ अर्ब ३५ करोड नाफा रहेको छ । वाणिज्य बैंकहरूमा जस्तै विकास बैंकहरूको नाफामा पनि सुधार आएको छ । चालु आर्थिक वर्षको तेस्रो त्रैमासको वित्तीय विवरणअनुसार राष्ट्रिय स्तरका आठ विकास बैंकको नाफा गत आवको सोही अवधिको तुलनामा ४९.०४ प्रतिशतले बढी हो । चालु आवको चैतसम्ममा राष्ट्रिय स्तरका आठ विकास बैंकहरूले ५ अर्ब ५० करोड ३५ लाख रुपैयाँ नाफा कमाएका छन् । गत आवको सोही अवधिमा यी बैंकहरूको नाफा कुल ३ अर्ब ६९ करोड २७ लाख रुपैयाँ थियो । सार्वजनिक वित्तीय विवरण अनुसार राष्ट्रिय स्तरका सबै विकास बैंकहरूको नाफा बढेको छ ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई